तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल: ito.tansenmun@gmail.com
info@tansenmun.gov.np

चलानी नं.
पत्र संख्या :

मिति : २०८०।०४।१६

## सम्पूर्ण खाद्य उपभोक्ता बर्गमा अनुरोध

मिति २०८०।३।२५ गते तानसेन नगरपालिका वडा नं. ३ शीत्तलपाटी क्षेत्रमा लेबल नलगाइएको र गुणस्तर नभएको आंशका गरिएको करिव ४० के.जी. घिउ बिक्री गरिरहेको अवस्थामा तानसेन नगरपालिकाबाट नियन्त्रणमा लिएको र नमूनाको रुपमा गुणस्तर परीक्षण गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, पाल्पा मार्फत खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवा, रुपन्देहीमा पठाइएकोमा उक्त कार्यालयबाट ल्याव परीक्षण गरी प्रतिवेदन यस कार्यालयमा प्राप्त हुँदा परीक्षण गरिएको प्यारामिटरको आधारमा नेपाल सरकारले घिउको लागि तोकेको गुणस्तर मापदण्ड बमोजिम नपाइएकोले तानसेन नगरपालिकाबाट जफत गरिएको सम्पूर्ण घिउ नस्ट गरिएको व्यहोरा आम उपभोक्ता बर्गमा जानकारी गराइन्छ ।

बजारमा यस्तै प्रकारको घिउ लगायत अन्य गुणस्तरहीन खाद्य पदार्थहरु समेत यसै प्रकारले बेच बिखन हुन सक्ने भएकोले सम्भव भएसम्म प्याक गरिएका खाद्य पदार्थहरु खरिद गर्ने र प्याक गरिएका सबै खाद्य पदार्थहरु खरिद गर्नु अगावै प्याकेटमा निम्न कुराहरु खुलाइएको छ छैन हेरेर मात्र खरिद गर्नु हुन अनुरोध गरिन्छ ।

निम्न :

१. खाद्य पदार्थको नाम र ब्राण्ड हेर्ने

२. उत्पादकको नाम र पुरा ठेगाना हेर्ने

३. उत्पादन मिति, उपभोग्य मिति, व्याच वा लट नं. हेर्ने

४. समिश्रण खाद्य योगशील हेर्ने

५. प्रयोग गर्ने तरिका र भण्डारण गर्ने तरिका हेर्ने

६. लेखिए अनुसारको मूल्य, तौल वा आयतन भए नभएको जाँच गर्ने

यस सम्बन्धी कुनै जानकारी लिनु वा दिनु परेमा यस कार्यालयको फोन नं. ०७५५२०१०९ मा सम्पर्क गर्न सकिने छ ।

.........................
जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत



CamScanner